म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ११२ २०७९ चैत १ गते बुधबार 15 March 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




### पोल सार्ने निर्णय कार्यान्वयन भएको छैन

## विद्युतको तार भूमिगत गर्ने विषयमा अध्ययन गर्ने निर्णय



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिकाको प्रमुख निर्वाचित हुनुभएपछि मीना कुमारी लामाले पहिलो निर्णय थियो सडक क्षेत्रमा रहेका सडकलाई सडकभन्दा बाहिर सार्ने । जनप्रतिनिधिले पदभार गरेको वर्षदिन पुग्न लाग्दा समेत पहिलो निर्णय कार्यान्वयन हुन सकेको छैन । पोल सार्ने निर्णय कार्यान्वयन गर्न नसकेको स्थानीय सरकारको मंगलबार बसेको कार्यपालिकाको बैठकले हेटौंडा बजारक्षेत्रको विद्युतीय तार भूमिगत गर्ने विषयमा अध्ययन गर्ने निर्णय भएको छ ।

विद्युतको तारलाई भूमिगत गर्ने विषयमा अध्ययन गर्ने निर्णय भएको नगर प्रमुख मीना कुमारी लामाले जानकारी दिनुभयो । मंगलबार बसेको उपमहानगरको २० औं कार्यपालिका बैठकले हेटौंडाको मुख्य बजार क्षेत्रको रुपमा रहेको १, २, ४, ५ र १० नम्बर वडा क्षेत्रको विद्युतको तारलाई भूमिगत गर्ने निर्णय विषयमा अध्ययन गर्ने निर्णय भएको नगर प्रमुखको सचिवालयले जनाएको छ । तार व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरणलाई कार्यपालिकाको बैठकको निर्णयसहित सिफारिस पत्र पठाउने तयारी भएको उपमहानगरले जनाएको छ ।

बैठकले हेटौंडा उपमहानगरलाई उज्यालो शहरको रुपमा विकास गर्नका लागि नगरका विभिन्न ठाउँमा 'हाइ मास्ट लाइट' राख्ने निर्णय गरेको सचिवालयले जनाएको छ । उपमहानगरका १९ वटै वडालाई लक्षित गर्दै लाइटको व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरणसँग छलफल भैरहेको जनाएको छ । बजार सहित नगरका सबै वडालाई समेटेर लाइटको व्यवस्थापनका लाग्ने निर्णय भएको उपमहानगरपालिकाका प्रमुख मीना कुमारी लामाले जानकारी दिनुभएको छ । पहिलो चरणमा उपमहानगरले हाइ मास्ट लाइटका लागि ६० लाख रुपैयाँ बजेट छुट्याएको नगर प्रमुखको सचिवालयले जनाएको छ । पहिलो चरणमा २५ वटा १० देखि १६ मिटर उचाई भएका लाईटको माग गर्ने तयारी उपमहानगरले गरेको बताइएको छ ।

कार्यपालिका बैठकले उपमहानगरको सीमा क्षेत्रमा ४ स्थानमा सार्वजनिक शौचालय निर्माण गर्ने निर्णय गरेको छ । बैठकले नगरको पुर्वमा १८, पश्चिममा १९, दक्षिणमा १५ र उत्तरमा १ नम्बर वडा क्षेत्रको पायक पर्ने स्थानमा आवतजावत गर्ने नागरिकको सुविधाका लागि शौचालय निर्माण गर्ने निर्णय गरेको हो ।

त्यस्तै न्यून आय भएका गरीब तथा विपन्न ६ सय ६३ परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय गरेको छ । नगरस्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट समितिले २०७९ फागुन ११ गते गरेको निर्णयबाट भएको सिफारीस अनुसार उनिहरुको स्वास्थ्य बीमा गर्ने निर्णय भएको नगर प्रमुखको सचिवालयले जनाएको छ । बैठकले सार्वजनिक पूर्वाधार सम्पत्ती संरक्षण, उपमहानगरको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यविधि २०७७ संशोधन, बाटो सार्वजनिक, घर नक्सा अभिलेखीकरण तथा नियमित गर्ने, अनलाईन नक्सापाससहित विभिन्न खेलमैदान निर्माण सम्बन्धी निर्णय भएको बताइएको छ ।

## हेटौंडामा नोभिस बक्सिङ प्रतियोगिता सुरु



समाज संवाददाता

हेटौंडाः युवा खेलाडीको पहिलो औपचारिक प्रतिस्पर्धा रहने अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता हेटौंडामा सुरु भएको छ । मकवानपुर जिल्ला बक्सिङ संघ र बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा भएको प्रतियोगिता मंगलबार बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै मन्त्री मोक्तानले खेलले राष्ट्रलाई चिनाउने र व्यक्ति स्वस्थ बनाउने बताउनुभयो । बागमती प्रदेश सरकारले खेल क्षेत्रमा सहयोग गरिरहेको उहाँले बताउनुभयो । उहाँले प्रतियोगितामा सहभागी खेलाडीलाई सम्मानजनक उपस्थिति भएर अनुशासित भएर खेल्न आग्रह समेत गर्नुभएको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता वार्षिकरुपमै आयोजना गर्ने घोषणा गर्नुभयो ।

जिल्ला बक्सिङ संघ मकवानपुरका अध्यक्ष दीपेश जोशीले नयाँ पुस्ताका युवाहरुलाई बक्सिङतर्फ अगाडि बढाउने प्रयासस्वरुप प्रतियोगिता आयोजना गरेको बताउनुभयो । हेटौंडा-४, परिजातपथस्थित कभर्ड हलमा सुरु प्रतियोगितामा २५ जिल्लाका करिब १ सय ५० जनाभन्दा बढी खेलाडीहरुको सहभागिता छ । प्रतियोगितामा खेलाडीहरुको तर्फबाट मकवानपुरका सोहन राई र निर्णायकहरुको तर्फबाट इन्द्र बहादुर श्रेष्ठले सपथ लिनुभएको छ ।

प्रतियोगितामा १७ बर्षदेखि २१ बर्ष उमेरसम्मका खेलाडीहरुले प्रतिस्पर्धा गरि रहेका छन् । प्रतियोगितामा सहभागी खेलाडीहरुले १६ विधामा प्रतिस्पर्धा गर्नेछन् । पुरुषतर्फ ९ र महिलातर्फ ७ वटा तौल समुहमा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा मकवानपुरका तीन जना पुरुष र एक जना महिला खेलाडी सहभागी छन् । पुरुषतर्फ ४८, ५७ र ६३ केजी तौल समुहमा र महिलातर्फ ५० केजी तौल समुहमा मकवानपुरका खेलाडी सहभागी छन् । विधागत प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमशः १० हजार, ५ हजार र ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिता चैत्र ४ गतेसम्म चल्नेछ ।

प्रतियोगिता उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहानगर पालिकाका निवर्तमान प्रमुख हरी बहादुर महत, हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, ५ नम्बर वडाध्यक्ष सुशील घिमिरे, ११ नम्बर वडा अध्यक्ष जुना दाहाल, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारी, नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेष खड्गी लगायतको आतिथ्य रहेको थियो ।




## व्यवसायीको आन्दोलनले हेटौंडाका निजी बैंक बन्द



एभरेष्ट बैंकको हेटौंडास्थित शाखा बन्द अवस्थामा । तस्वीरः बसन्त भण्डारी/समृद्ध समाज ।

समाज संवाददाता

हेटौंडाः चर्को व्याजदरको विरोध गर्दै आन्दोलनरत व्यवसायीको आग्रहमा हेटौंडाका बैंकहरु मंगलबार बन्द भएका छन् । यसअघि सोमबार आन्दोलनरत उद्योगी, व्यवसायीले बैंकका शाखा प्रबन्धकलाई ज्ञापनपत्र बुझाएर बैंक बन्द गर्न आग्रह गरेका थिए । व्यवसायीले आइतबारदेखि बैंकमा बचत गर्ने काम पनि रोकेका छन् ।

व्यवसायीको दबाबमा बैंक बन्द हुँदा आम सर्वसाधारण सेवाग्राही भने मर्कामा परेका छन् । बचत रकम झिक्न बैंकको ढोकासम्म आइपुगेका सेवाग्राही आफ्नो पैसा झिक्न नपाई पीडित बनेका छन् । यता मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डे भने बैंक बन्द नभएको र बैंकका शाखा प्रबन्धकले मंगलबार बिहान सुरक्षा व्यवस्था मिलाइदिन आग्रह गर्दै बैंक खुला नै रहने जानकारी गराएको बताउनुहुन्छ । सर्वसाधारण नागरिकको आर्थिक कारोबारको अधिकार कुण्ठित हुने गरी व्यवसायीले आन्दोलन गर्दा स्थानीय प्रशासनले भने गम्भीरताका साथ लिएको छैन । नेपाल सरकारको लगानी रहेको हेटौंडास्थित नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकको कारोबार भने सुचारु छ ।




**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

## सम्पादकीय

# राजधानीको व्यवस्थापन

प्रदेश सरकारले एक कार्यकाल पूरा गरिसक्दा, स्थायी राजधानी कायम भएको तीन बर्षभन्दा बढी भइसक्दा पनि बागमती प्रदेशको राजधानीका लागि आवश्यक प्रशासनिक संरचना निर्माण सुरु हुन सकेको छैन । हेटौंडालाई प्रदेशको अस्थायी राजधानी घोषणा भएको झण्डै ३ वर्षपछि स्थायी राजधानी कायम गरिएको थियो । संघीय व्यवस्थाबमोजिम प्रदेशको संरचनाअनुसार निर्वाचन भएको पहिलो ५ बर्षमा ३ वटा सरकार हुँदासमेत प्रदेश राजधानीका लागि आवश्यक संरचना निर्माणको टुंगो लाग्न सकेको थिएन । प्रदेश सरकारको नेतृत्व गरेका डोरमणि पौडेलले हेटौंडालाई स्थायी राजधानी कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । तर, उनको करिब साढे तीन बर्षको कार्यकालमा राजधानीका लागि आवश्यक भौतिक संरचना निर्माणमा पर्याप्त ध्यान पुर्‍याउन सकेका थिएनन् । त्यसपछि मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले यसतर्फ ध्यान दिन नपाउँदै करिब अढाई महिनामै मुख्यमन्त्रीबाट बिदा हुनुपर्‍यो । त्यसपछिका मुख्यमन्त्री राजेन्द्र पाण्डेले प्रदेश सरकारका लागि आवश्यक भौतिक संरचना निर्माणका लागि जग्गा खोजी गर्दै जग्गा प्राप्तिका लागि संघीय सरकारसँग अनुरोध गरेका थिए ।

मुख्यमन्त्री पाण्डे नेतृत्वको तत्कालीन सरकारले प्रदेशको मुख्यमन्त्री कार्यालय, प्रदेशका सबै मन्त्रालय, बोर्ड तथा आयोगहरुका लागि आवश्यक भौतिक संरचनालाई एकै स्थानमा निर्माण गर्ने गरी विभिन्न ठाउँमा जग्गा पहिचान गरी संघीय सरकारलाई जग्गा प्राप्तिका लागि पहल गरेको थियो । सोही बमोजिम संघीय सरकारले प्रदेशको प्रशासनिक कार्यालयहरु निर्माण गर्ने प्रस्तावित जग्गाको वातावरणीय प्रभाव मूल्यांकन गराउन आग्रह गरेपछि वर्तमान प्रदेश सरकारले प्रक्रिया अघि बढाएको हो । शालिकराम जमकट्टेल नेतृत्वको बागमती प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद बैठकले प्रदेश सरकारका प्रशासनिक भवनहरु हेटौंडा-१६, हटियामा बनाउनका लागि प्रक्रिया सुरु गर्ने निर्णय भएको छ । बैठकले प्रदेश सरकारका मन्त्रालयहरुको भवन र अन्य पूर्वाधारहरु बनाउन वातावरणीय प्रभाव मूल्यांकन गर्ने निर्णय गरिएको हो ।

बागमती प्रदेश सरकारले हेटौंडाका विभिन्न स्थानमा जग्गा पहिचान गरी प्रदेश संरचना निर्माणका लागि संघीय सरकारलाई जग्गा उपलब्ध गराउन सिफारिस गरेपनि हटियाको कित्ता नम्बर १९६ मा रहेको ५४ विगाह जमिनको मात्र वातावरणीय प्रभाव मूल्यांकनका लागि संघीय सरकारबाट स्वीकृति प्राप्त भएको बताइएको छ । प्रदेश सरकारले हेटौंडा-१७, डिपोचौरमा मकवानपुर बहुमुखी सहकारी संस्था लिमिटेडको नाममा रहेको कित्ता नम्बर १८३ को १२ विगाहा, हेटौंडा सिमेन्ट उद्योगले अधिग्रहण गरी प्रयोगमा नआएको हेटौंडा-९, लामसुरे हाइटमा २० विगाहा र हालको मन्त्री निवास खण्डदेखि दक्षिण भागमा रहेको ४ विगाहा गरी करीब २४ विगाहा जग्गा बागमती प्रदेश सरकारको नाममा ल्याउनका लागि संघीय सरकारसँग माग गरेको थियो । यसैगरी नापी नभएका हेटौंडा-६, चित्रेपानीको करिब २४ बिगाहा र हेटौंडा-१९, लेवटमा रहेको करिब ८० बिगाहा जग्गासमेत प्रदेश सरकारको नाममा ल्याउनका लागि संघीय सरकारसँग अनुरोध गरिएको थियो । प्रदेश सरकारको प्रशासनिक संरचना निर्माण गर्न नसक्दा अहिले एउटा मन्त्रालयसहित अन्य सरकारी कार्यालयहरु भाडाको घरबाट सञ्चालन भइरहेको छ । प्रदेशको मुख्यमन्त्री कार्यालयसहितका मन्त्रालय र कार्यालयहरु यसअघिका विभिन्न सरकारी कार्यालय भवनहरुमा राखिएको छ ।

प्रदेशको प्रशासनिक कार्यालयहरु अहिले वातावरणीय प्रभाव मूल्यांकन गर्न लागेको ठाउँमा निर्माण गरिएमा हेटौंडाको मुख्य बजार क्षेत्रको सवारी चापमा केही कमी आउने सम्भावना देखिन्छ । तर, प्रदेश राजधानी भएसँगै हेटौंडामा बढ्दै गएको सवारी चाप तथा जनघनत्व र त्यस अनुकूलको सडक तथा अन्य पूर्वाधार व्यवस्थापनमा प्रदेश सरकारले समयमै चासो देखाउनु आवश्यक छ । हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा प्रदेश सरकारले हेटौंडाको शहरी विकासको गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सकेमा भविष्यमा व्यवस्थित राजधानीको आशा गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : वादविवादबाट बच्दा राम्रो रहने समय योग छ । |
| वृष | : कार्य व्यस्तताले सताउने समय योग देखिन्छ । |
| मिथुन | : आफ्नो समस्या आफैं समाधान गरिने योग छ । |
| कर्कट | : आय- आम्दानीमा बढोत्तरी हुने समय योग छ । |
| सिंह | : व्यापार-व्यवसाय मध्यमकारक रहने समय योग छ । |
| कन्या | : एक्लोपन र निराशा हट्दै जाने समय योग छ । |
| तुला | : व्यापार-व्यवसाय त्यति लाभ नहुने योग छ । |
| वृश्चिक | : सिर्जनात्मक कामबाट लाभ प्राप्त हुने समय छ । |
| धनु | : दौडधूप र धपेडीले शारीरिक अस्वस्थता बढ्ला । |
| मकर | : धार्मिक र सामाजिक काममा सरिक भइने छ । |
| कुम्भ | : जस पाउने भएकाले विचारणीय समय छ । |
| मीन | : परिश्रमले पदीय दायित्व दिलाउने समय छ । |

# ती स्वीटजरल्यान्ड र जापान, अनि समय खेर फालिरहेको नेपाल



**गुरूराज घिमिरे**

हाम्रो देशमा यतिबेला राजनीतिक दलहरूबीच राष्ट्र निर्माणका विषयमा न्यूनतम राजनीतिक समझदारी छैन । स्वयं दलभित्रै आन्तरिक एकता छैन । दलका अवयवहरु अस्तव्यस्त छन् । पार्टी सदस्यहरु निराश छन् ।

वर्षेनि लाखौं युवा विदेश पलायन हुँदैछन् । अर्थतन्त्र आयातमुखी छ । विप्रेषणमा निर्भर छ । राजस्वले चालू खर्च धान्दैन । राज्यसँग वैदेशिक ऋण र अनुदानमा आधारित पूँजीगत खर्च उपयोग गर्ने सामर्थ्य छैन । वैदेशिक ऋण चुलिएको छ । राज्यका सम्पूर्ण संयन्त्र भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । अर्थात् सुशासन छैन ।

नेता, कर्मचारीबीचमा भ्रष्टीकरणको खुला प्रतिस्पर्धा छ । देशमा शान्ति छैन । द्वन्द्वपीडितले अझसम्म न्याय पाएका छैनन् ।

देशको वैदेशिक सम्बन्ध सुमधुर र सन्तुलित छैन । राजनीतिक नेतृत्वबाट कुशलताको प्रदर्शन छैन । जनता प्रचलित राजनीतिबाट आजित र वाक्क छन् । नेताहरुको बोली र व्यवहारमा कुनै सामञ्जस्य छैन । नेताप्रति जनविश्वास छैन ।

अहिले नेपाल यसैगरी चलिरहेको छ । यसरी चलिरहेको देशको भविष्य कस्तो होला ?

यति कुरा सबै नेपालीले थाहा पाएका या बुझेका छन्, कसैले पर्दा लगाएर लाग्दैन । सीमित नेता, ठूला कर्मचारी, ठूला व्यापारी र बिचौलिया बाहेकका लागि दैनिकी साँच्चै कष्टकर छ । भविष्य अन्धकार छ ।

यस्तो बेला देशमा नयाँ राजनीतिक परिस्थिति सिर्जना भएको छ । संसदीय निर्वाचनको गठबन्धन पुनः ब्युँतिएको छ । संसदको ठूलो दलले राष्ट्रपति पद हासिल गरेको छ । साथै राष्ट्रपतिको शपथ ग्रहण समारोह पनि सम्पन्न भएको छ ।

त्यसो त संवैधानिक राष्ट्रपतिसँग जनअपेक्षा खासै हुँदैनन् । राष्ट्राध्यक्षले केवल ओहोदाको गरिमा राखी त्यसको मर्यादाको ख्याल गर्दै संविधानको संरक्षण गरिदिए पुग्छ । र भ्रमणमा निस्कँदा जनतालाई सास्ती नदिए पुग्छ ।

यसको अलावा बेलाबेलामा सरकार र दलका नेताहरुलाई मुलुकप्रतिको जिम्मेवारी सम्झाइरहनुपर्छ । साथै भयानक राजनीतिक दुर्घटनातर्फ उन्मुख देशको राष्ट्रप्रमुख दुःखी र काकाकुल नेपालीको सहारा बन्छन् कि भन्ने झिनो आशा समेत छ ।

शपथ ग्रहण समारोह यान्त्रिक, परम्परागत वा शास्त्रीय मात्र भयो या नवनिर्वाचित राष्ट्रपतिले समारोहमा आफ्ना विशेष मित्र र दुःखका साथी पनि बोलाउनुभयो थाहा भएन । तर अयोध्याका राजा रामले आफ्नो राज्याभिषेकमा आफूलाई यमुना नदी तार्ने केवटलाई अनिवार्य बोलाउन भनेका रहेछन् । त्रेता युगका पौराणिक रामचन्द्रले त आफ्नो विगतका सहयोगी सम्झिएको कथा हामी पढ्न पाउँछौं भने कलियुगका नेपाली रामचन्द्रका कुरा पढ्न र सुन्न पाउँदा राम्रै हुनेथियो ।

यसैगरी भारतका पूर्व राष्ट्रपति स्व. अब्दुल कलामले आफ्नो शपथ ग्रहण समारोहमा दुई अतिरिक्त व्यक्तिलाई बोलाउन भने । उनले छानेका दुईमध्ये एक थिए, जुत्ता सिउने मोची, जसले कलामका च्यात्तिएका जुत्ता सिइदिन्थे र अर्का थिए ढावावाला । जसले खाना खाँदा कहिलेकाहीं कलामलाई एक-दुई रोटी बढी दिन्थे । राष्ट्रको सर्वोच्च जिम्मेवारीमा पुग्दा उनले यी दुई व्यक्ति सम्झिए । यसले व्यक्तिको महानता र इमानदारीलाई झल्काउँछ ।

केही दिनपछि उपराष्ट्रपतिको निर्वाचन पनि हुँदैछ । तत्पश्चात पछिल्लो गठबन्धनमा रहेका दलहरुलाई प्रधानमन्त्री दाहालले सरकारमा सामेल गराउनेछन् । र पुस १० गते बनेको गठबन्धनको अस्तित्व रहने छैन ।

गत निर्वाचनको पुरानो गठबन्धनमा थपिएका नयाँ दलहरु कतिञ्जेल सँगै रहलान्, समयक्रममा थाहा होला, तर अब संसदमा फराकिलो बहुमतले सरकारलाई समर्थन गर्ने अवस्था सृजना हुनेछ । यसले थोरै भए पनि राजनीतिक स्थिरतालाई बल पुर्‍याउला कि भन्ने जनअपेक्षा हो । यसले कति सार्थकता प्राप्त गर्छ, समयक्रममा देखिएला ।

अहिलेको बहस र चिन्ता भने फरक छ । यस सन्दर्भमा थोरै चर्चा गर्नु उपयुक्त हुने नै छ ।

देश उँभो लाग्न र जनताले सुख पाउन प्रणाली मात्र पर्याप्त नहुँदो रहेछ । नत्र नेपालले पछिल्ला ३३/३४ वर्षमा उन्नतिको मानक हासिल गरिसकेको हुन्थ्यो । नेपालको वर्तमान दुरवस्थाका कारण र कारक राजनीतिक दलभित्रका पात्र र प्रवृत्ति हुन्, जसले राष्ट्र निर्माणलाई आफ्नो जीवन र संस्थाको प्रमुख कार्यसूचीमा राखेनन् ।

बारम्बारको ओहोदा प्राप्ति र निजी प्रतिष्ठा बाहेक दलका नेताको प्राथमिकतामा देशको उन्नति र जनताको सुख कहिल्यै परेन । यसका लागि कतिपय अन्तर्राष्ट्रिय दृष्टान्तहरु काफी छन् ।

हाम्रो जस्तै खेतीपाती गरिने भूपरिवेष्ठित पहाडी मुलुक स्वीट्जरल्याण्डले दोस्रो विश्वयुद्धपछि चामत्कारिक प्रगति गरेर संसारलाई नै आश्चर्यमा पारेको थियो । शक्तिशाली राष्ट्रहरु जर्मनी, फ्रान्स, इटाली र अष्ट्रियाले घेरिएको यस सानो पहाडी राष्ट्रले आफूलाई युद्धबाट निरपेक्ष राख्यो, बरु ती राष्ट्रहरुलाई हतियार बेच्यो ।

समयक्रममा विश्वविख्यात रोलेक्स घडी, औषधि, चकलेट, जवाहरात, केमिकल्स लगायत वस्तुहरुको निर्यातकर्ता भयो। यो सबै राष्ट्रिय नीतिको परिणाम थियो ।

नीति राजनीतिक प्रणाली, त्यसको स्थायित्व र राजनीतिक दलको अठोटबाट निर्धारित हुन्छ। वैयक्तिक क्षुद्र स्वार्थबाट माथि नउठेसम्म देशको उन्नति प्राथमिकतामा पर्दैन र संभव पनि छैन ।

वर्षैभरि भुईंचालो जाने देश जापान कसरी विकसित भयो ? जापान देश असंख्य अर्थात् हजारौं टापुहरुको संग्रह हो । तीन ठूला टापु र अरु स-साना टापुहरु । दोस्रो विश्वयुद्धमा अमेरिकाद्वारा परमाणु बम प्रहार भएपछि ध्वस्त भएको जापानी अर्थतन्त्र कसरी 'रिकभर' भयो, गहिरो अध्ययनको विषय हो ।

जापानले सन् १९४५, अगष्ट १४ मा आत्मसमर्पण गरेपछि दोस्रो विश्वयुद्धको अन्त्य भयो । जापानका अगाडि कहालीलाग्दो क्षत-विक्षत चित्र थियो । यसपछि युद्धले छाडेको मनोवैज्ञानिक त्रासदीका अतिरिक्त ठूलो भौतिक क्षतिलाई चिरेर जाने चुनौती । यी सबै कटु यथार्थ झेलेर पनि जापानले द्रुतगतिमा विकास हासिल गर्‍यो । यसका निम्ति प्रधानमन्त्री सिगेरु योशिदा र सम्राट हिरोहितोको ठूलो योगदान छ ।

जापानको आर्थिक उन्नतिका लागि योशिदा डक्ट्रिन सहायक बनेको छ । यो सबै नेतृत्व कुशलता हो । ध्वस्त अर्थतन्त्रलाई पुरानै ठाउँमा ल्याएर अगाडि बढाउने कार्य निकै चुनौतीपूर्ण थियो तथापि राजनीतिक नेतृत्वले यसमा सफलता प्राप्त गर्‍यो ।

दुई दशकको अन्तरालभित्र जापान विश्वको सुदृढ अर्थतन्त्र भएको देश बन्यो ।

नाम चलेका अटोमोबाइल र इलेक्ट्रोनिक कम्पनीहरुबाट उत्पादन भएका वस्तुले अन्तर्राष्ट्रिय ख्याति प्राप्त गरे । होण्डा, सुजुकी, सोनी यसका प्रमुख उदाहरण हुन् । प्रारम्भमा अमेरिकापछि दोस्रो र हाल तेस्रो ठूलो अर्थतन्त्र भएको देशको रुपमा जापान प्रतिष्ठित छ । यसको कारण अरु केही होइन, केवल राजनीतिक नेतृत्व हो । सँगसँगै जनताको कठोर परिश्रम ।

जनतालाई कठोर परिश्रम गर्न केले प्रेरित गर्‍यो त भन्दा, नेतृत्व प्रतिको भरोसाले । अहिले नेपाली जनता कठोर परिश्रम गर्दैनन् किनकि नेतृत्व भरपर्दो छैन । यसो भन्दा कसैले चित्त नदुखाए हुन्छ । किनभने हाम्रो उद्देश्य राजनीतिक परिवर्तन मात्र होइन । हामी नेपाललाई लोकतान्त्रिक प्रणालीमार्फत सुखी नेपाली भएको समुन्नत तथा प्रतिष्ठित राष्ट्र बनाउन चाहन्थ्यौं । राजनीतिक नेतृत्वले यसको हेक्का राखेन । प्रणाली केवल माध्यम हो, यसैलाई साध्य ठान्यो ।

आवधिक निर्वाचन, सरकार गठन, पक्ष-विपक्षको वाक्युद्ध, धेरै थान मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति, सांसद, मेयरको उत्पादन मात्र लोकतन्त्र होइन । लोककल्याणकारी, समतामूलक, न्यायपूर्ण समाज हाम्रो अभीष्ट थियो र छ ।

यस सन्दर्भमा आचार्य चाणक्यको विचार कालजयी छ। राज्यको उत्पत्तिपूर्व समाजमा मस्त्य न्याय थियो । बलियाले निर्धालाई शोषण गर्थ्यो, दबाउँथ्यो । धर्म, नीति, सिद्धान्त सबै त थिए तर कार्यान्वयन गर्ने उचित संयन्त्र थिएन । त्यसैले मानव आवश्यकताले राज्यको निर्माण भयो र सामाजिक अराजकता र हिंसाको अन्त्य भयो ।

तर अहिले पनि कतिपय नेपाल जस्ता देशहरु छन्, जहाँ मस्त्य न्याय छ, सानालाई ऐन र ठूलालाई चैन छ अर्थात् बलियाले निर्धालाई दबाउँछ । सरकारी अड्डाहरु शक्तिशाली र पहुँचवालाका लागि सहज छन् । गरीब र निरीह जनताका लागि संकट ।

सत्तामा वर्षौंदेखि निश्चित समूहको हालीमुहाली छ । न शिक्षा, न स्वास्थ्य, न रोजगार कतै पनि गरीब जनताको पहुँच छैन । हामी यसैलाई सफल लोकतन्त्र भन्दैछौं । तर अब जनता बुझ्ने भएका छन्, थाहा पाउने भएका छन् र जान्ने भएका छन् । देशको सम्पूर्ण हालतका बारे जानकार छन् ।

तसर्थ आशा त छैन, तथापि यसपटकको सरकार देश र जनतामा समर्पित भएको देखिएन र पुरानै पदचिह्नमा हिंड्यो भने मुलुकको राजनीतिले कोल्टो फेर्नेछ । त्यतिबेला समकालीन राजनीतिज्ञहरुलाई साथ दिन न जनता हुनेछन् न त पार्टीका सदस्य नै । आजित भएका जनता उठ्न बेर लाग्ला, तर त्यो क्षण आइपुगेको हुनसक्छ । समय घर्किन सक्छ ।

यस विषयमा राष्ट्रको अभिभावकको नाताले नवनिर्वाचित राष्ट्रपतिले सरकार र दलहरुलाई स्पष्ट रुपमा सम्झाउनुपर्छ । अहिलेलाई जनताको आशा यही हो ।

*(स्रोतः अनलाईनखबर)*

# सिप सिकाउन नसक्ने हाम्रो शिक्षा !



**रमेश ढकाल**

कुरो ०४६ साल असोज महिना तिरको हुनुपर्छ । वर्षायाम सकिएसँगै खेतबारीहरु ओभाउन थालेका थिए । घर छेउमा थोरै खाली रहेको बारीमा केही सागसब्जी लगाउन पाए तरकारी खान उति खाँचो हुँदैन भन्ने लागेर आमाले मलाई गोरु नारेर त्यो बारी जोत्न अह्राउनु भयो ।

आमाले बारी जोत्न अह्राउनु भएसँगै मैले त्यसका लागि आवश्यक व्यवस्था मिलाएर गोरु नारें। बर्खाको खेती सकिएसँगै गोरुहरुले जोत्ने काम नगरेको एक/डेढ महिना नै भैसकेको थियो । लामै अन्तरालपछि नारिएर फेरि जोतिनु पर्दा गोरु उति खुसी थिएनन् । तर पनि जसोतसो हप्काउँदै फकाउँदै विस्तारै गरेर पहिलो चास जोतें ।

आमाले फेरि अर्को चास पनि जोतेर पटाहा लगाएर छोडिदे भन्नुभयो । म अर्को चास जोत्दै थिएँ, लगभग सकिनै लागेको थियो हलोबाट फाली फुक्लियो । यसो हेरें, करुवा खियाले खाएर भाँचिएको रहेछ । अब करुवा नै भाँचिएर बाहिर निस्किएको फालीलाई फेरि हलोमा जोड्ने काम मेरा लागि लगभग असम्भव नै थियो ।

खैर, त्यसरी फाली खुस्किएपछि मैले आमालाई सुनाएँ- 'आमा, करुवा खियाले खाएको रहेछ भाँचिएर फाली नै फुक्लियो, के गरौं ?'

मेरो कुरा सुनेर आमाले 'फाली फुस्कियो ! अनि त्यत्रो स्कुल पढ्ने मान्छे, त्यति जाबो फुक्लिएको फाली बनाउन जान्दैनस् ?' भनेर अनौठो आश्चर्य प्रकट गर्नुभयो ।

आमाको कुराले म एकछिन हाँसें । मेरो हाँसोले सायद मेरी निरक्षर आमाको त्यो जिज्ञासाको अज्ञानतावश उपहास गर्न खोजेको थियो होला । धन्न, स्कुल पढाइ लेखाइको अनुभव नभएकी मेरी आमालाई स्कुलमा मलाई हलोमा फाली कस्न सिकाउँदैनन् आमा भनेर बुझाउन तिर भने म लागिनछु ।

बरु आमाको त्यो भनाइले सायद मभित्र थोरै हौसला पलाएछ क्यार, मैले त्यो खुस्किएको फालीलाई जसरी पनि ठिक पार्न सक्नुपर्छ भन्ने ठानें । अनि सम्झिएँ त्यो पुरानो बाल्टी जुन इनारबाट पानी झिक्नका लागि प्रयोग हुने गर्थ्यो । चुहिने भएपछि आमाले त्यसमा पुराना काँटी कब्जालगायत सामाग्रीहरु हालेर राख्ने गर्नु भएको थियो ।

त्यसमा फाली कस्न प्रयोग हुने पुराना करुवाहरु पनि हुनसक्ने भएकोले गएर हेरें । नभन्दै त्यसमा एउटा पुरानो करुवा पनि भेट्टियो । त्यसलाई ठोकेर जसोतसो हलोमा फाली सेट गरें । र, दोश्रो चास लगाउन बाँकी रहेको बारी जोतिसकें । अनि आमाले भन्नु भएअनुसार बारीमा पटाहा पनि लगाएर छोडिदिएँ ।

हलो जोत्न जान्नु सँगसँगै बिग्रिएको हलोको सामान्य मर्मत पनि गर्न जान्नु त्यो समयमा जीवन निर्वाह गर्नका लागि सबैले जान्नु पर्ने एउटा आधारभूत सिप रहेछ । त्यसमा पनि मजस्तो एउटा किसानको छोराका लागि त त्यस्तो ज्ञान हुनु अझ धेरै आवश्यक रहेछ ।

अहिले सम्झँदैछु, यदि व्यवसायिक शिक्षाअन्तर्गत हामीलाई ८-९ कक्षातिरै त्यतिबेला आमरुपमा खेत जोत्न प्रयोग हुने हलोका बारेमा पढाएको सिकाएको भए सायद मलाई त्यो हलोबाट फुक्लिएको फाली कस्न उति धेरै माथापच्ची गर्नुपर्ने थिएन होला ।

...बाँकी पृष्ठ ३ मा

# कतारमा रहेका नेपालीको सहयोगमा शैक्षिक सामग्री सहयोग




समाज संवाददाता

महोत्तरीः रोजगारीको क्रममा कतार पुगेका नेपाली युवाले स्थापना गरेको जागरुक युवा समाज नेपालले महोत्तरीका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ। गौशाला नगरपालिका-१, बान्हटोल रामनगरमा रहेको राष्ट्रिय आधारभूत विद्यालयमा अध्ययनरत १२५ जना विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरिएको हो ।

गौशाला-१ का वडा अध्यक्ष नवीन कुमार साह, विद्यालय व्यवस्थापन समिति सदस्य सरितादेवी महतो, जागरुक युवा समाज नेपालका सचिव सन्त मोक्तान लगायतकाले संयुक्त रुपमा शैक्षिक सामग्री कापी, कलम, पेन्सील हस्तान्तरण गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडा अध्यक्ष साहले मधेशमा पिछडिएका वर्ग शिक्षाप्रति उदासिन भइरहेको अवस्थामा जागरुक युवा समाजले जागरुकता र उत्सुकताका साथ निम्न वर्गका छात्रछात्रालाई शिक्षण सामग्री प्रदान गरेकोप्रति प्रशंसा व्यक्त गर्नुभयो । शिक्षा सुधारकै नीति लिएर वडा कार्यालयले काम गर्ने बताउँदै साहले जागरुक युवा समाजले जागरुकता बढाउने काम गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय आधारभूत विद्यालयका प्रध्यानाध्यापक जय किशोर मण्डलले शिक्षा क्षेत्रमा जागरुक युवा समाजले गरेको काम प्रशंसनीय रहेको बताउनु भयो । शैक्षिक सामग्री पाएसँगै विद्यार्थीहरु पनि खुसी हुनका साथै विद्यालय नियमित आउने प्रतिवद्धता जनाएका छन् । उहाँले सहयोग गर्ने कतारमा रहेका यस संस्थाका सम्पूर्ण नेपालीहरुलाई धन्यवाद दिनुहुँदै कतारमा रहेका नेपालीले गरेको परिश्रमबाट नेपालमा गरेको सहयोग कदर योग्य भएको बताउनुभयो ।

स्वास्थ्य कार्यालयका प्रतिनिधि होम बहादुर श्रेष्ठले शैक्षिक सामग्री विद्यार्थीका लागि अमूल्य गहना भएकाले कपी, कलम, पेन्सील शिक्षाका लागि पहिलो आवश्यकता भएको बताउनुभयो। उहाँले जागरुक युवा समाजले थोरै-थोरै बचत गरेर पनि विद्यार्थीलाई गरेको सहयोग प्रशंसायोग्य भएको बताउनुभयो। जागरुक युवा समाज सन् २०१४ मा स्थापना भएर सन् २०१८ मा औपचारिक रुपमा काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भई संचालनमा रहेको अध्यक्ष यादव चौलागाईले बताउनुभयो। संस्थाले प्राकृतिक विपत्तिका बेला नेपालका विभिन्न स्थानमा सहयोग गर्दै आएको छ । वैदेशिक रोजगारीका क्रममा कतारको राजधानी दोहा स्थित कतार एयरवेजमा कार्यरत नेपालीहरुले आफुले प्राप्त गर्ने तलबबाट बार्षिक ७० रियाल बचत गरेर नेपालमा सहयोग गर्दै आएका छन् । संस्थाका सदस्य विरामी पर्दा संस्थाले सदस्यता कल्याणकारी कार्यक्रम मार्फत सहयोग समेत गर्ने गरेको छ ।

# तासिर बाल समूह

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीस्थित तासिर इङलिस सेकेण्डरी बोर्डिङ स्कुलमा बाल समूह गठन गरिएको छ। मंगलबार विद्यालयमा विद्यार्थीको भेलाबाट सृष्टि दवाडीको नेतृत्वमा तासिर बाल समूह गठन गरिएको हो ।

त्यस्तै बाल समूहको उपाध्यक्षमा रोजमेरी थिङ, सचिवमा अकक्षेप डंगोल, सह-सचिवमा स्वर्णिम महत, कोषाध्यक्षमा रिभा न्यौपाने र १० जना सदस्य गरी २५ सदस्यीय बाल समूह चयन गरिएको हो । यस्तै तासिर बाल समूहको संरक्षकमा स्कुलका शिक्षक सरल गौतम चयन हुनुभएको छ । बाल समूह गठन गर्न हेटौंडा उपमहानगरपालिका-७ का बालमैत्री वडा सहजकर्ता गोकर्ण लामाले सहजीकरण गर्नुभएको थियो । हेटौंडा उपमहानगरपालिकाले २०८० मङ्सिर मसान्तसम्म बालमैत्री स्थानीय पालिका घोषणा गर्ने लक्ष्य लिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं




# शोकमा दीप प्रज्ज्वलन



समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघले मंगलबार हेटौंडाको बुद्धचोकमा दीप प्रज्वलन गरेको छ । देहत्याग गरेका हेटौंडाका व्यवसायी झलक बिक्रम शाहको आत्माको चिरशान्तिको कामना गर्दै व्यवसायीहरुले दीप प्रज्वलन गरेका हुन् ।

उद्योग बाणिज्य संघमा आबद्ध विभिन्न व्यवसायीहरुले उनिप्रति श्रद्धाञ्जली अर्पण गर्दै बुद्धचोकमा दिप प्रज्वलन कार्यक्रम गरेका हुन् । उद्योग बाणिज्य संघ र त्यसमा आबद्ध व्यवसायी संघहरुले मकवानपुरमा फागुन २१ गतेदेखि बैंकको ब्याज विरुद्धमा आन्दोलन गरिरहेका छन् ।

# *सीप सिकाउने...*

खैर, यो त एउटा उदाहरण मात्र हो। हिजोआज त गाउँघर तिर पनि हलोको बदलामा खेत जोत्नका लागि ट्र्याक्टर नै प्रयोग हुनेगरेको छ। ट्र्याक्टरको प्रयोगका कारण परम्परागत तरिकाले हलो जोत्ने कार्य लगभग लोप नै हुँदै गरेको अवस्थामा यो घटना उति सान्दर्भिक पनि नहोला । तर यतिका वर्ष स्कुल पढेर जाबो फुक्लिएको फाली बनाउन जन्दैनस् भन्ने मेरी आमाको त्यो आश्चर्य मिश्रित प्रतिकृयाले भने आज तीन दशकपछि पनि हाम्रो शिक्षा प्रणालीलाई गिज्याइराखेको जस्तो लाग्छ ।

हिजो यो बुर्जुवा शिक्षाको कुनै अर्थ छैन भनेर शैक्षिक संस्थानहरु बन्द गर्दै हिंड्ने, बहिष्कार गर्न लगाउने क्रान्तिकारीहरुले पनि विभिन्न चरणमा आलोपालो गर्दै राज्य संचालनको बागडोर सम्हालन थालेको थुप्रै भैसक्यो । तर देशको शैक्षिक गुणस्तर भने आज पनि उस्ताको उस्तै नै छ ।

हाम्रा लाखौं भाइ बहिनीहरू कलेजको डिग्री बोकेर जीवन निर्वाहा कै निम्त खाडी देशहरुमा कडा परिश्रम गर्न बाध्य छन्। यसको अर्थ पढेलेखेका मानिसले कडा परिश्रम गर्नु हुँदैनै भन्ने होइन, तर त्यो जीवन निर्वाहाका लागि कसैको बाध्यता भने पक्का पनि बन्नु हुँदैन ।

आजको यो अवस्थामा अझै पनि अहिलेकै शिक्षा नीतिलाई निरन्तरता दिँदै जाने हो भने हामीले देखेको समृद्ध नेपालको सपना, केवल सपनामै सीमित रहने पक्का छ। त्यसैले अबको शिक्षा नीति उत्पादनसँग जोडिने र दक्ष जनशक्ति उत्पादन गर्ने खालको बन्नुपर्छ । डाक्टर, इन्जिनियर धेरै बनाउन नसके पनि कमसेकम ड्राफ्ट्सम्यान, सब-ओभरसीर, वेल्डर, फेब्रिकेटर, फिटर, प्लम्बर, इलेक्ट्रिशियन, स्टिलफिक्सर, कार्पेन्टर, मेसनदेखि नर्स, हेयरड्रेसर, ब्युटिसियन आदि त अवश्य पनि बनाउन सक्छौं ।

यदि शिक्षालाई सिप र सिपलाई श्रमसँग जोड्न सकेको खण्डमा आउँदो पुस्ताले पक्कै पनि जीविकोपार्जनका लागि हामीले जस्तो वर्षौं वर्ष प्रवासमा भौतारिनु पर्ने छैन ।

कलेजको डिग्री गोजीमा राखेर विदेशका कमर्शियल कम्प्लेक्सहरु सफा गर्नेदेखि ४०-५० डिग्रीको तातो घाममा बेल्चा ज्याकहैमर चलाउनुको बदलामा आफ्नै मातृभूमिमा बँदेल, बंगुर, गाई, बाखा, माछा, कुखुरा, खरायो, मौरी आदि पालेर बस्ने थिए। आधुनिक कृषि प्रविधि तथा मेसिनरीहरुको प्रयोग गरेर प्रशस्त मात्रामा अन्नपात उत्पादन गरी देशलाई आत्मनिर्भर बनाउने थिए ।

समग्रमामा देशको शैक्षिक पाठ्यक्रम यसरी विकास हुन सकोस् ताकी एउटा माध्यामिक तहसम्मको शिक्षा पूरा गरेको विद्यार्थीले भोलि के गरी खाने होला भनेर चिन्ता गर्नु नपरोस् । अबका विद्यार्थीले हलो बनाउन जान्नु परेन तर आज प्रयोग हुने विभिन्न कृषि औजार, उपज तथा मल, बीउ, औषधि जस्ता कुराहरुको आधारभूत ज्ञान उनीहरुमा हुन सकोस् ।

एउटा ८-१० कक्षामा पढ्ने विद्यार्थीले आफ्नो घरको बिग्रेको धारादेखि बिजुलीको फ्युज फेर्न सकोस्। पशु आहार र उपचारका बारेमा आधारभूत ज्ञान राखोस् । जल, जमिन र जङ्गलको महत्व बुझोस्। जलविद्युत् र जंगल हाम्रो देशका सबैभन्दा महत्वपूर्ण प्राकृतिक स्रोत हुन् । पानी, बिजुली र जडीबुटी बेचेर नै हाम्रो देश समृद्ध बन्नसक्छ। यसका लागि पहिला त हामीले यी क्षेत्रहरुमा काम गर्नका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न सक्नुपर्यो । जसका लागि हाम्रो अहिलेको शैक्षिक पद्धति र पाठ्यक्रममा आमूल परिवर्तनको खाँचो छ ।

यसका लागि हामी आम नागरिकहरुले पनि राजनीतिक आस्थाभन्दा माथि उठेर देशको समृद्धि तथा आम नागरिकहरुका जनजीविकासँग प्रत्यक्ष रुपमा जोडिएका यस्ता विषयहरुका बारेमा लगातार लेख्ने, बोल्ने गर्ने हो भने सरकार तथा सम्बन्धित निकाय आफ्नो ध्यान केन्द्रित गर्न पक्का पनि बाध्य बन्ने थियो होला । *(स्रोतः सेतोपाटी)*

# स्ववियु निर्वाचनलक्षित सम्पर्क कार्यालय उद्घाटन



समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन नजिएसँगै अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को सम्पर्क कार्यालय मंगलबार उद्घाटन गरिएको छ। आउँदो चैत्र ५ गते निर्वाचनलाई लक्षित गर्दै हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको गेड नजिकै बागमती प्रदेश सरकार श्रम रोजगार तथा यातायात मन्त्रालयका मन्त्री एकालाल श्रेष्ठले कार्यालयको उद्घाटन गर्नुभएको हो ।

कार्यालयको उद्घाटन गर्नुहुँदै मन्त्री श्रेष्ठले स्ववियुबाट भोलि चुनाव जित्न सके स्ववियु स्थापित हुने बताउनुभयो । जसले विद्यार्थीको हकहितको निम्ति काम गर्दा अनेरास्ववियुबाट स्ववियु र स्ववियुबाट अनेरास्ववियु हुनु सकारात्मक विषय रहेको बताउनुभयो । मकवानपुर बहुमुखी क्याम्पसको भविष्यसँग जोडिएकाले चुनाव जित्छु भन्ने उच्च मनोबलका चुनावको प्रक्रिया र तयारीमा लाग्न उम्मेदावारीलाई मन्त्री श्रेष्ठले आग्रह गर्नुभयो ।

व्यक्ति-व्यक्ति मात्र नभई सिंगो प्यानल जिताउन आव्हान गर्दै विद्यार्थीसँग मन्त्री श्रेष्ठ पनि मत माग्न मकवानपुर बहुमुखी क्याम्पस पुग्नुभएको थियो । निर्वाचनको भेला भ्रम छर्न सक्ने पहिला त्यसलाई चिर्नुपर्ने र निर्वाचनका लागि आफूले पनि सहयोग गरिने प्रतिबद्धता जनाउनुभयो। अहिले विद्यार्थीलाई राजनीति बुझाउने र चिनाउन अनेरास्ववियुको उत्तरदायी भूमिका रहेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो ।

**ग्रामीण बहुउद्धेश्यीय सहकारी संस्था लि.**

**हेटौंडा-२, मकवानपुर**

**कर्मचारी आवश्यकता**

*सूचना प्रकाशित मितिः २०७९/१२/१ गते*

उपरोक्त सम्बन्धमा यस संस्थाको पदपुर्ती समितिको मिति २०७९ फाल्गुन २९ गते बसेको बैठकको निर्णय अनुसार यस संस्थालाई तपसिल अनुसारको पदपुर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**१) विज्ञापन नं.ः २/०७९/०८० ।**
२) पदः व्यवस्थापक ।
३) आवश्यक संख्याः १ जना ।
४) उमेरः २१ पुरा भई ४० वर्ष ननाघेको ।
५) नियुक्तिको किसिमः स्थायी ।
६) शैक्षिक योग्यताः स्नातक तह उतीर्ण (व्यबस्थापन संकाय)
७) अन्य योग्यताः सफ्टवेयर चलाउन जान्ने, कम्प्यूटर डिप्लोमा गरेको, मोटरसाईकल चलाउने र सवारी चालक अनुमतिपत्र भएकोलाई प्राथमिकता दिईनेछ ।
८) आवश्यक कागजातहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बायोडाटा, हस्तलिखित निवेदन शैक्षिक तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि एक/एक थान, कम्प्यूटर तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि, सहकारी सम्बन्धी तालिम लिएको भए सो तालिमको प्रमाणपत्रको प्रतिलिपि एक थान, २ प्रति पासपोर्ट साईजको फोटो
९) दर्ता शूल्कः रु. १,०००/- (रु. एक हजार मात्र) फिर्ता नहने गरी ।
१०) दरखास्त खुल्ने मितिः २०७९/१२/०१ गते देखि ।
११) दरखास्त दिने अन्तिम मितिः २०७९ /१२/०७ गते बेलुका ५ बजेसम्म
१२) रित नपुगेका आबेदनलाई परीक्षामा सम्मिलित गराईनेछैन ।
१३) परीक्षाको किसिमः लिखित, प्रयोगात्मक तथा अन्तरर्वाता ।
१४) तलब तथा अन्य सुविधाः संस्थाको नियमानुसार ।
१५) लिखित र प्रयोगात्मक परीक्षाः सम्पर्क मितिको बखत जानकारी गराईनेछ ।
१६) सम्पर्क मितिः २०७९/१२/०८ गते कार्यालय समयमा ।
१७) शेयर सदस्यको परिवारलाई तथा अनुभवीलाई ग्राह्यता दिईनेछ ।

आवेदन स्विकृत/अस्विकृत गर्ने तथा विज्ञापन रद्द गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

**पदपुर्ति समिति**

**इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि**

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

Group of Engineering Pvt. Ltd.

**केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि**
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.ः ०५७-५२०४५७



# अल नेपाल नोभिस बक्सिङ
# पहिलो दिन २५ प्रतिस्पर्धा सम्पन्न



समाज संवाददाता

हेटौंडाः अल नेपाल नोभिस बक्सिङ प्रतियोगिताअन्तर्गत पहिलो दिन मंगलबार २५ खेल भएका छन् । हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा पहिलो दिन ५७ केजी तौल समूहमा विपिन बुढाथोकीले बर्षात् राईलाई नकआउट गरे भने ६३.५ केजी तौल समूहमा अछामका तपेन्द्र बिक र ५७ केजी तौल समूहका निर्मल रिजालले प्रतिस्पर्धीको अनुपस्थितिका कारण स्वतः विजय हासिल गरे ।

प्रतियोगिताकै पहिलो खेलमा ५४ केजी तौल समूहमा अछामका नीरसिंह बुढाले दमकका दीपक बिकलाई पराजित गर्दा ५४ केजी तौल समूहमै दाङका विवेक देवकोटाले रोल्पाका बासुदेव केसीलाई पराजित गरे । ५४ केजी तौलसमूहमा कास्कीका सरोज राना मगरले काठमाडौंका फुरग्याल्बु ज्याबा ह्योल्मुलाई पराजित गरे। ५४ केजी तौलसमूहमा जीवन महराले बाँकेका रोहित बर्मालाई पराजित गरे ।

मंगलबार ५७ केजी तौल समूहमा ८ खेल भए। जीवन चन्दले दाङका जीवन परियारलाई पराजित गर्दा आयुष श्रेष्ठले कास्कीका समीर थापालाई पराजित गरे । यस्तै निर्मल रिजालसँग चितवनका सागर गुरुङ खेल्न अनुपस्थित भएपछि निर्मल विजयी भए भने सुजन भुजेलले सुवोधमान सिंह बस्नेतलाई पराजित गरे । यस्तै बक्समाण्डुका आयुष थापाले मानसोव बस्नेतलाई पराजित गरे । मकवानपुरका अभिषेक राना मगरले भूमिकर्ण भण्डारीलाई पराजित गरे भने दमकका योयल राईले भानुभक्त ओलीलाई पराजित गरे । ६३.५ केजी तौल समूहमा नक्सालका प्रज्वल श्रेष्ठले आशिष गुरुङलाई पराजित गर्दा अछामका तपेन्द्र बिकले अभिशेषक श्रेष्ठलाई पराजित गरे ।

४८ केजी तौलसमूहमा मंगलबार ५ खेल भए । ४८ केजी तौल समूहमा ललितपुरका प्रकाश कठायतले अछामका भरतप्रसाद अधिकारीलाई पराजित गर्दा मकवानपुरका श्रीजेष श्रेष्ठ विशेष बुढा मगरसँग पराजित भए । अप्रिल रानाले प्रदीप चौधरीलाई, सञ्जय लामाले सुमन चौधरीलाई, मानव लामाले लजन बिष्टलाई पराजित गरेको छ । ५१ केजी तौल समूहमा टीकाराम ऐडीले सम्राट थापालाई पराजित गरे भने रविन लिम्बुले रोकी गुरुङलाई पराजित गरेको छ। यस्तै असिम धमलाले अजय पुन मगरलाई पराजित गर्दा प्रवल उप्रेतीले दीपक रोकायालाई पराजित गरेको छ । शिभु सुनारले सुनाम खत्रीलाई पराजित गर्दा पहिलो दिनको अन्तिम खेलमा निराजन चौधरीले अजय स्याङ्तानलाई पराजित गरेको छ। प्रतियोगिताअन्तर्गत दास्रो दिन आज बुधबार दिउँसो १२ बजेदेखि ३४ वटा खेल हुनेछ ।

# कैलाश अध्यक्ष कपको उपाधि १० नम्बर वडालाई




समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा आयोजना भएको गाउँपालिकास्तरीय अन्तर-वडा प्रथम अध्यक्ष कप नकआउट रनिङशिल्ड फुटबल प्रतियोगिताको उपाधि १० नम्बर वडाले जितेको छ । मंगलबार कैलाश-९, नामटारमा भएको फाइनल खेलमा ५ नम्बर वडालाई २-१ गोलअन्तरले हराउँदै १० नम्बर वडाले उपाधि जितेको हो ।

१० नम्बर वडालाई उपाधि दिलाउन सुमन स्याङ्तानले व्यक्तिगत दुई गोल गरे । खेलको म्यान अफ द म्याच स्याङ्तान नै घोषित भए। ५ नम्बर वडाका लागि हीरा सिंतानले एक गोल गरे पनि टोलीलाई हारबाट जोगाउन भने सकेनन् ।

उपाधि जितेसँगै १० नम्बर वडाले ६३ तोला चाँदीको कपसहित नगद ६० हजार रुपैयाँ प्राप्त गरेको छ । उपविजेता ५ नम्बर वडाले भने ४० हजारमा चित्त बुझाएको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी १० नम्बर वडाका सूर्य थिङ घोषित भए । यस्तै, उत्कृष्ट गोलरक्षक १० नम्बरका भुपेन्द्र महर्जन, उत्कृष्ट डिफेन्डर ५ नम्बरका अम्बरसिंह पाखिन, उत्कृष्ट मिडफिल्डर १० नम्बरका साजन जिम्बा, उत्कृष्ट फरवार्ड १० नम्बरका अजय गुरुङ, उदयमान खेलाडी ३ नम्बर वडाका सुविन थिङ, उत्कृष्ट प्रशिक्षक १० नम्बरका रेशम थिङ र उत्कृष्ट म्यानेजर ५ नम्बरका निर्जल लामा घोषित भए । विधागत उत्कृष्टलाई ट्रफी प्रदान गरिएको प्रतियोगिताका सहसंयोजक रवीन्द्र थिङले जानकारी दिनुभयो। कैलाश गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष मोहन वाइबाको सभाध्यक्ष तथा बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता समापन कार्यक्रममा गाउँपालिकाका अध्यक्ष लोकबहादुर मोक्तान, उपाध्यक्ष बालकुमार मल्ल र पालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टलगायतको आतिथ्य रहेको थियो ।

## वडास्तरीय भेट्रान्स कपको फाइनल समीकरण पूराः
# उपाधिका लागि ४ र ७ नम्बर भिड्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित पशुपतिनगरमा जारी वडास्तरीय प्रथम मोहन श्रेष्ठ स्मृति ८ 'ए' साइड भेट्रान्स कप फुटबल प्रतियोगिताको फाइनल समीकरण पूरा भएको छ । मंगलबार सेमिफाइनलका दुई खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको फाइनल समीकरण पूरा भएको हो ।

प्रतियोगिताको फाइनलमा वडा नम्बर ४ र वडा नम्बर ७ को टिम प्रवेश गरेको क्लबका कोषाध्यक्ष सञ्जु जोशीले जानकारी दिनुभयो । मंगलबार हेटौंडा-८ स्थित हेटौंडा औद्योगिक क्षेत्रको खेल मैदानमा भएको खेलमा ४ नम्बर वडाले १५ नम्बर वडालाई ३-० गोलअन्तरले हराउँदै फाइनल प्रवेश गरेको हो ।

यस्तै, ७ नम्बर वडा ९ नम्बर वडालाई ट्राइब्रेकरमा २-१ गोलले हराउँदै फाइनल प्रवेश गरेको हो । निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो ।

प्रतियोगिताको उपाधि हात पार्नका लागि बुधबार ४ नम्बर वडा र ७ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो ३ बजे हुनेछ ।

प्रतियोगिताको विजेता टिमले नगद १ लाख ५ हजार ५ सय ५५ र उपविजेता हुने टिमले नगद ५५ हजार ५ सय ५५ पुरस्कारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । अन्य विधागत उत्कृष्ट खेलाडीले नगद ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्नेछन् ।

# मकवानपुरमा दोस्रो पटक रग्बी प्रतियोगिता हुँदै



समाज संवाददाता

हेटौंडाः मकवानपुरमा दोस्रो पटक रग्बी च्याम्पियनसिप प्रतियोगिता हुने भएको छ । प्रतियोगिता हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रगंशालामा आउँदो चैत २४ र २५ गते हुने रग्बी च्याम्पियनसिपका कोच बिक्रम भारतीले जानकारी दिनुभयो ।

प्रतियोगितामा ७ वटा प्रदेशबाट महिला र पुरुष गरी १४ वटा समूहको सहभागिता रहनेछ। साथै, विभागीय समूह ६ वटा, युके र जापानको एक-एक पुरुष समूह पनि सहभागी हुने भारतीले बाताउनुभयो । च्याम्पियनसिपमा ७ वटा क्लबबीच प्रतिस्पर्धा हुनेछ । मकवानपुरमा रग्बी खेलका ६४ जना खेलाडीहरु रहेकोमा ३४ जना महिला र ३० जना पुरुष रहेका छन् । मकवानपुरमा रग्बी खेलको सुरुवात भएको एक वर्षको हाराहारी भएको उहाँले बताउनुभयो । यस खेलमा प्रदेश विजेता महिला समूहको पनि सहभागिता रहेको उहाँले बताउनुभयो । खेलमा विजेता हुने समूहले नगद १ लाख र उपविजेता हुने समूहले नगद ५० हजार रुपैयाँका साथै शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# गणित शिक्षण सिकाइसम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः गणित शिक्षण सिकाइमा सरोकारवालाहरुको भूमिका विषयक एक दिवसीय अन्तरक्रियात्मक कार्यक्रम हेटौंडामा भएको छ । मंगलबार गणित शिक्षा परिषद् जिल्ला कार्य समिति मकवानपुरको आयोजनामा अन्तरक्रिया कार्यक्रम भएको हो ।

परिषद्का जिल्ला अध्यक्ष धनिकलाल साहको सभाध्यक्ष तथा केन्द्रीय महासचिव श्रीप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । गणित शिक्षण सिकाइलाई कठिन विषयवस्तुका रुपमा लिइरहेको अवस्थामा सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम भएको हो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले जसरी विज्ञानका विषयवस्तुहरुलाई प्रविधि तथा प्रयोगशालाका रुपमा लिइएको छ, त्यसरी नै गणित शिक्षालाई लिनुपर्ने बताउनुभयो। उहाँले तल्लो तहदेखि नै गणित शिक्षण सिकाइलाई कमजोर बनाइएको बताउनुभयो । नेपाली समाजको शिक्षा घोकन्ते हुँदा यस्तो समस्या निम्त्याएको उहाँको भनाइ छ। गणित शिक्षालाई सहज बनाउने हो भने व्यावहारिक शिक्षालाई जोड दिन जरुरी रहेको उहाँले जानकारी दिनुभयो ।

# बक्सिङ संघद्वारा अक्षयकोष स्थापना

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला बक्सिङ संघले अक्षय कोष स्थापना गरेको छ । मंगलबारबाट हेटौंडामा सुरु अल नेपाल नोभिस बक्सिङ प्रतियोगिताको अवसरमा कोषको विषयमा जानकारी दिनुहुँदै कोषमा ६ लाख ९९ हजार रुपैयाँ रहेको छ ।

अक्षयकोषका लागि जिल्ला बक्सिङ संघ मकवानपुरका अध्यक्ष एवम् नवोदय शिशु सदनका सञ्चालक दीपेश जोशीले १ लाख रुपैयाँ, हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरणबहादुर जोशीले १ लाख रुपैयाँ, मकवानपुरका बक्सिङ प्रशिक्षक लालबहादुर पौडेलले ५० हजार रुपैयाँ, हेटौंडा-५ का प्रकाश पुरीले ५१ हजार रुपैयाँ, हेटौंडा-२ का सुशीलप्रसाद सेनुरियाले ५० हजार रुपैयाँ, हेटौंडा-२ कै सम्राटबहादुर सिंहले ५० हजार रुपैयाँ र हेटौंडा-६ का भुपेन्द्र विष्टले ३५ हजार रुपैयाँ सहयोग गर्नुभएको छ ।

अक्षयकोषबाट हुने आम्दानीले खेल क्रियाकलापको आयोजना गर्न मद्दत पुग्ने अपेक्षा संघको छ ।


## हार्दिक श्रद्धाञ्जली



स्व. माईला लामा

जन्मः १९९४

स्वर्गारोहणः २०७९/११/२२

नेपाली कांग्रेस मकवानपुरका सभापती आदरणीय दाजु बुद्ध लामा ज्यूको पुजनीय पिता **माइला लामा**को यहि मिति २०७९ फागुन २२ गते ८५ वर्षको उमेरमा असामयिक निधन भएकोमा नेपाल विद्यार्थी संघ परिवार अत्यन्त दुखित छौं । यस दुखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

**सुवास सापकोटा, अध्यक्ष**
**एवम् नेपाल विद्यार्थी संघ मकवानपुर जिल्ला समिति परिवार**
**हेटौंडा, मकवानपुर**

## हार्दिक श्रद्धाञ्जली



स्व. माईला लामा

जन्मः १९९४

स्वर्गारोहणः २०७९/११/२२

यस नेपाली कांग्रेस मकवानपुरका सहृदयी सभापति बुद्ध लामा ज्यूको पुजनीय पिता **माइला लामा**को यहि मिति २०७९ फागुन २२ गते ८५ वर्षको उमेरमा बैकुण्ठबास हुनुभएकोमा नेपाली कांग्रेस बकैया गाउँपालिका परिवार अत्यन्त दुखित् छौं । यस दुःखत घडीमा शोक सन्तप्त परिवारप्रति पुगेको अपुरणीय क्षतिमा धैर्यधारण गर्ने शक्ति ईश्वर ले प्रदान गरुन् भनी प्रार्थना गर्दछौं ।

**धर्मराज लामिछाने, अध्यक्ष**
**बकैँया गाउँपालिका**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ